प्रदेश सूचनाको हक सम्बन्धी ऐन, 2076 लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७6 लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

1. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रदेश सूचनाको हक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७6" रहेको छ।

   (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

2. प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७6 को दफा 2 मा संशोधन : प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७6 (यस पछि "मूल ऐन" भनिएको) को दफा 2 को खण्ड (घ) पछि देहायको खण्ड (घ१.) थपिएको छ:-
   "(घ1.) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनु पर्छ ।"
3. प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७6 को दफा 9 मा संशोधन : प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७6 (यस पछि "मूल ऐन" भनिएको) को दफा ९ को,-
   (1) उपदफा (1) मा रहेको "उपलब्ध गराएमा" भन्ने शब्दहरु पछि "वा गलत सूचना उपलब्ध गराएमा" भन्ने शब्दहरु थपिएका छन् ।
   (2) उपदफा (3) मा रहेको "आंशिक रुपमा सूचना दिएको"" भन्ने शब्दहरु पछि "वा गलत सूचना उपलब्ध गराएमा" भन्ने शब्दहरु थपिएका छन् ।
4. मूल ऐनको दफा १२ मा संशोधन: मूल ऐनको दफा १२ को खण्ड (घ) हटाएको छ ।
5. मूल ऐनको दफा 31 मा संशोधन: मूल ऐनको दफा 31 को उपदफा (3),(4) र (5) मा रहेको "समिति" भन्ने शब्दको अगाडि "पुनरावेदन" भन्ने शब्द थपिएको छ ।